किपू नगरबालिका
# कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ
बागमती प्रदेश, नेपाल ।

पत्र संख्याः
च.नं.:

मितिः ..............................

## रुपान्तरण कक्षा सञ्चालन गर्नका लागि गैर सरकारी संस्थाहरुसँग प्रस्ताव आवह्वान गरिएको सम्बन्धी सूचना !

(प्रकाशित मितिः २०८१।०८।०५)

बालवालिकाहरुमा आत्मविश्वास बढाई समुदायमा सहभागी हुने र सकारात्मक कदम चाल्न सक्ने, सशक्त भई निरन्तर सिक्ने सिकाउने, स्वस्थ रही आफ्नो सुरक्षा आफै गर्न सक्षम हुने र सकारात्मक सौंच तथा सामाजिक सम्बन्धलाई प्रवर्द्धन गर्नु आजको आवश्यकता भएको हुँदा यस नगरपालिकासँगको साझेदारीमा आ.व २०८१।०८२ को लागि कीर्तिपुर नगरपालिका स्थित १० ओटै वडामा ३ ओटा सामुदायिक स्तरमा र ७ ओटा विद्‌यालय स्तरमा) रहेका १० देखि १८ वर्ष उमेर समूहका बालबालिका (हाल कक्षा ८, ९ मा अध्ययनरतलाई) केन्द्रीत गरी प्रति केन्द्र जम्मा २० सेसन/ सत्र सहित जीवन उपयोगी / रुपान्तरण तथा सुरक्षात्मक सीप कक्षा सञ्चालन गर्न ईच्छुक संघ संस्थाले तपशील बमोजिमको कागजात सहित १५ दिन भित्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशीलः

१. संघ / संस्था कीर्तिपुर नगरपालिकामा सूचिकृत भएको प्रमाण
२. स्थानीय तहमा कम्तिमा ३ वर्ष रुपान्तरण कक्षा सम्बन्धी काम गरेको प्रमाण
३. प्रस्ताव पेश गर्ने संस्थाले जम्मा १४ लाख बरावरको कार्यक्रम पेश गर्नु पर्नेछ र उक्त रकमको कम्तिमा ६० प्रतिशत रकम प्रस्तावक संस्थाले नै व्यहोर्नु पर्नेछ ।
४. बालमैत्री स्थानीय तह/ वडा घोषणा सम्बन्धी कार्यक्रम सञ्चालनको अनुभव भएको हुनुपर्नेछ ।

८१।८।५

टंकलाल गैरे
उप-सचिव